ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर
बागमती प्रदेश नेपाल

मिति:२०८३/०६/०८
ने.स.११४६ ञलाथ्व त्रयोदशी

# भारी वर्षाको सम्भावना रहेकोले उच्च सतर्कता अपनाउने सम्बन्धी जरुरी सूचना

नेपाल जल तथा मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ५ गते देखि निरन्तर रुपमा जारी विशेष मौसमी बुलेटिन अनुसार आगामी असोज ९ गतेदेखि असोज ११ गतेसम्म देशभर ठूलो वर्षा हुने सम्भावना रहेको हुँदा यस ललितपुर महानगरपालिका क्षेत्रमा पनि मेघगर्जन, हावाहुरी तथा चटयाङसहित भारी/अत्यन्त भारी वर्षाको सम्भावना देखिएकोले उक्त सम्भावित वर्षाका कारण भू-क्षय, बाढी, पहिरो, कटान तथा डुबानको जोखिम रहेको साथै ठूला तथा साना खोला खोल्सीहरूमा पानीको बहाव बढ्न गई दैनिक जनजीवन, कृषि, स्वास्थ्य, शिक्षा, नदी किनार क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा बाटोघाटो र सार्वजनिक यातायात समेत प्रभावित हुन सक्ने भएको हुँदा ८ गतेदेखि नै आम सर्वसाधारण तथा सरोकारवाला सबैलाई तपसिल बमोजिमको सतर्कता तथा पूर्वतयारी अपनाउनुहुन हार्दिक अपिल गर्दछु।

- अकस्मात बाढी आउन सक्ने बागमती, नख्खु, कर्मनाशा लगायतका नदी/खोला किनारका बस्ती, पहिरोको जोखिमयुक्त स्थान तथा नदी/खोला किनार नजिकका बासिन्दाहरुले वर्षाको समयमा बढी चनाखो भई सुरक्षित स्थानमा वडा कार्यालय र सुरक्षा निकायहरुसँग समन्वय गरी बस्नुहुन।
- उक्त अवधिमा अत्यन्त जरुरी काम नपरी लामो दुरी तथा राति यात्रा नगर्नुहुन/नगराउनुहुन। यात्रा गर्नुअघि सडक तथा मौसमको अवस्थाबारे जानकारी लिनुहुन।
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिनुहुन।
- नेपाल सरकार, मौसम विज्ञान विभाग, प्रदेश सरकार, महानगरपालिका तथा सुरक्षा निकायबाट जारी हुने आधिकारिक सूचनाको नियमित जानकारी लिनुहुन तथा निर्देशनको पालना गर्नुहुन। सामाजिक सञ्जालमा आउने भ्रामक हल्लाको पछि नलाग्नुहुन।
- महानगरभित्रका सबै सुरक्षा निकाय, वडा कार्यालय, रेडक्रस, गैरसरकारी संस्था, स्वयंसेवक लगायत सरोकारवाला सबै निकायहरु विपद् प्रतिकार्यको लागि तयारी अवस्थामा रहनुहुन।
- आफ्नो घर वरपरका नाला, ढल र कल्भर्टमा अवरोध भए खुलाउनुहुन तथा फोहोर नफाल्नुहुन। तल्लो तला/बेसमेन्टका सामाग्री सुरक्षित स्थानमा राख्नुहुन र डुबान भएको बाटोमा

ललितपुर महानगरपालिका
𑐫𑐮𑐶 𑐩𑐴𑐵𑐣𑐔𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

नहिँड्नुहुन/सवारी नचलाउनुहुन। मेघगर्जन हुँदा खुल्ला ठाउँ र रुखमुनि नबसी सुरक्षित स्थानमा स्थानान्तरण गर्नुहुन/गराउनुहुन।

- खोला किनार,पहिरो जान सक्ने स्थान तथा जीर्ण/जोखिमयुक्त संरचनामा बसोबास नगर्नुहुन/नगराउनुहुन र वडा कार्यालय,स्वयंसेवक तथा सरोकारवालाले त्यस्ता जोखिमयुक्त स्थानमा बसोबास गरेका परिवारलाई शीघ्र सुरक्षित स्थानमा स्थानान्तरण गर्नुहुन/गराउनुहुन।
- मौसम तथा बाढीसम्बन्धी अद्यावधिक जानकारीका लागि टोल फ्रि नं.११५५ मा सम्पर्क गर्न सकिन्छ। साथै विपद्को समयमा आवश्यक सहयोगका लागि १२३४, नेपाल प्रहरी १००, सशस्त्र प्रहरी बल नेपाल ११14 तथा महानगरपालिकाको आपतकालीन कार्यसञ्चालन केन्द्र ११३१ मा सम्पर्क गर्नुहुन।
- जोखिम क्षेत्रमा गई अनावश्यक रुपमा फोटो तथा भिडियो खिच्ने लगायतका कार्यहरु नगर्न हुन।

.............................
चिरीबाबु महर्जन
प्रमुख

Tel: 977-01-5440906, Fax : 977-1-5553966, Email: info@lmc.gov.np, Website: www.lmc.gov.np